श्री
उच्च अदालत, पाटन
संयुक्त इजलास
माननीय न्यायाधीश श्री चन्द्रमणि ज्ञवाली
माननीय न्यायाधीश श्री कृष्णराम कोइराला
इजलास नं. ७

## आदेश

मुद्दा नं. ०८०-CB-००५५

टाईगर काठमाडौ ईन्भेष्टमेन्ट प्रा.लि ---------------------------------------------------- निवेदक

विरुद्ध

सिल्भर हेरिटेज ईन्भेष्टमेन्ट प्रा.लि. समेत---------------------------------------------------- विपक्षी

मुद्दाः- कम्पनि ऐन अन्तर्गत कसूरमा सजाय गरी पाउँ ।

यसमा पेश हुन आएको प्रस्तुत मुद्दामा निवेदकको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री गोविन्द प्रसाद शर्मा, विद्वान अधिवक्ता श्री लक्ष्मण वस्याल तथा पक्षका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री आएशा शर्मा र अधिवक्ता श्री महेश कुमार थापाले गर्नुभएको बहस समेत सुनियो ।

यसमा यी निवेदक टाइगर काठमाडौ इन्भेष्टमेन्ट प्रा.लि .ले कम्पनी ऐन, २०६३ को दफा १३८ र १३९ विपरित कार्य गरेको भनी निवेदन परेको देखिँदा सो सम्बन्धमा के कसो भएको हो ? माग बमोजिमको आदेश जारी हुन पर्ने नपर्ने के हो ?जारी हुनुपर्ने कानून बमोजिमको कारण भए लिखितजवाफ लिई उपस्थित हुनु भनी निवेदकले यस अदालतमा दिएको निवेदनको प्रतिलिपी सहित १५ दिने म्याद पठाई सो अवधि भित्र लिखितजवाफ सहित उपस्थित हुनु भनी म्याद जारी गरी नियमानुसार पेश गर्नू ।

साथै निवेदकले अन्तरिम आदेश माग गरेकोमा अन्तरिम आदेश जारी हुने नहुने सम्बन्धमा दुवै पक्षलाई छलफल गराई निर्णय गर्न मनासिव देखिँदा अन्तरिम आदेश छलफलको लागि मिति २०८१।०३।०२ को तारेख तोकी सोको जानकारी प्रत्यर्थीलाई गराउँनू ।

न्यायाधीश

न्यायाधीश

इति सम्वत् २०८१ साल जेठ २७ गते रोज १ शुभम्---------------------------------------- ।

श्री उच्च अदालतमा दायर गरेको

उजूरी निवेदन पत्र

विषयः-अल्पमत शेयरधनिको संरक्षण गरीपाउँ ।

| | |
|---|---|
| जिल्ला ललितपुर, ललितपुर महानगरपालिका वडा नं.१०, रजिष्ट्रड कार्यालय रहेको टाइगर काठमाण्डौ इन्भेष्टमेन्ट प्रा.ली. (प्रा.ली.नं. १९०५३१/०७४/०७५) को तर्फबाट अख्तियार प्राप्त जिल्ला रुपन्देही, बुटवल उ.म.न.पा. वडा नं. ११ भई हाल जिल्ला काठमाडौ का.म.न.पा. वडा नं. ४ बालुवाटार बस्ने बर्ष ५३ को सुनिल जंग रायमाझी( मो. नं. ९८५१२१४२२२)............................................१ | पक्ष निवेदक |

विरुद्ध

| | |
|---|---|
| जिल्ला काठमाण्डौ, काठमाण्डौ महानगरपालिका वडा १, रजिष्ट्रड कार्यालय रहेको सिल्भर हेरिटेज इन्भेष्टमेन्ट प्रा.ली.( प्रा.ली.नं. १११३८२/०६९/०७०).......... १<br>जिल्ला काठमाण्डौ, काठमाण्डौ महानगरपालिका वडा नं. ३, रजिष्ट्रड कार्यालय रहेको एसएचएल म्यानेजमेन्ट सर्भिसेज(केटिएम)प्रा.ली.(प्रा.ली. नं.३७४०१/०६२/०६३)..२<br>कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर. काठमाडौ.............................................३ | विपक्षी प्रत्यर्थी |

**मुद्दा : कम्पनी ऐन,२०६३ को दफा १३८ र १३९ बमोजिम अल्पमत शेयरधनिको संरक्षण गरिपाउँ ।**

म निवेदक एसएचएल म्यानेजमेन्ट सर्भिस (केटिएम) प्रा.लि. को शेयरधनि भएको र कम्पनीको हक हित प्रचलन गराउन शेयर र शेयरधनिको हकहित विरुद्धको काम कारवाही बदर गराउन विपक्षी कम्पनीको सञ्चालक समिति, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर समेतमा आवेदन गर्दा समेत ति निकायहरुले कुनै पनि कारवाही नगरेकोले विपक्षीहरुका विरुद्धमा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १०, ८६ र कम्पनी ऐन,

२०६३ को दफा १३८, १३९, १४०, [illegible] १७८ समेतका आधारमा दफा १५९ को उपदफा (१) तथा उच्च अदालत नियमावली, २०७३ को नियम ६६ र ६७ बमोजिम निम्न बमोजिमको उजूरी निबेदन प्रस्तुत गर्दछु ।

१. निवेदक कम्पनी र विपक्षी सिल्भर हेरिटेज इन्भेष्टमेन्ट प्रा.लि. को संयूक्त लगानीमा विपक्षी सावीक ह्याप्पी वल्ड प्रा.ली. हाल नाम परिवर्तन भै कामय भएको एसएचएल म्यानेजमेन्ट सर्भिस (केटिएम) प्रा.लि. (प्रा.लि. नं. ३७४०१/०६२/०६३) मिति २०६२/०९/०४ मा कम्पनी रजिष्टारको कार्यालयमा दर्ता भै संस्थापित भएको थियो । विपक्षी सिल्भर हेरिटेज इन्भेष्टमेन्ट प्रा.लि. शत प्रतिसत बैदेशिक लगानीमा संचालित कम्पनी हो भने निवेदक कम्पनी नेपाली नागरिकहरुको लगानीमा स्थापित कम्पनी हो । एसएचएल म्यानेजमेन्ट सर्भिस (केटिएम) प्रा.लि. मा विपक्षी सिल्भर हेरिटेज इन्भेष्टमेन्ट प्रा.लि.को ९० प्रतिसत र निवेदक कम्पनीको १० प्रतिसत शेयर रहेको छ । यसबाट निवेदक अल्पमत शेयरधनिका रुपमा रहेको स्थापित हुन्छ ।

२. एसएचएल म्यानेजमेन्ट सर्भिस (केटिएम) प्रा.लि. को स्थापनाको प्रमुख उद्देश्य नै क्यासिनो संचालन तथा व्यवस्थापन रहेको थियो । सोहि उद्देश्य पुरा गर्ने प्रयोजनार्थ मिति २७ नोभेम्वर २०१७ अर्थात २०७४ मंसिर १ गते लुम्विनी प्रदेश रुपन्देही जिल्ला तिलोत्तमा न.पा. वडा नं. १५ कोटिहवामा अवस्थित टाइगर वान प्रा.लि.सँग सम्झौता गरि उक्त होटेलमा क्यासिनो संचालन गर्न १० बर्षे लिज संझौता भएको थियो । यि सवै प्रकृया पुरा गरी नेपाल सरकार (मा.मन्त्री स्तर) को मिति २०७४/०९/१२ को निर्णय अनुसार इजाजत संख्या ४-०७४/०७५, पर्यटन विभागबाट मिति २०७४/०९/१३ गतेको पत्रबाट क्यासिनो सञ्चालन गर्ने इजाजत प्राप्त गरी निवेदक कम्पनी अल्पमत शेयरधनिका रुपमा एसएचएल म्यानेजमेन्ट सर्भिस (केटिएम) प्रा.लि. ले सोहि वेला देखि हालसम्म उक्त टाइगर वान होटलमा क्यासीनो सञ्चालन गरी आएको छ ।

३. एसएचएल म्यानेजमेन्ट सर्भिस (केटिएम) प्रा.लि. स्थापना गर्दा भएको शेयर होल्डर सम्झौता अनुसार सो कम्पनीको बोर्ड अफ डाइरेक्टरमा १ जना निवेदक टाइगर काठमाडौं इन्भेष्टमेन्ट प्रा.लि. र २ जना सिल्भर हेरिटेज इन्भेष्टमेन्ट प्रा.लि. रहने व्यवस्था रहेको छ । जसअनुसार, यस कम्पनीको तर्फबाट साविकमा सञ्चित कृष्ण श्रेष्ठलाइ सञ्चालक मनोनयन गरिएको थियो । तर, निजले मिति २०८१।०१।०४ मा राजिनामा दिएपछि सञ्चालक समितिको मिति २०८१।०१।०४ को निर्णय अनुसार यस कम्पनीको तर्फबाट सुनिल जंग रायमाझीलाई उक्त कम्पनीको सञ्चालकमा मनोनयन गर्ने निर्णय भई सोही अनुसारको पत्राचार गरिएको थियो ।

४. तत्पश्चात निवेदक कम्पनीको तर्फबाट मनोनित गरिएको कम्पनिका आधिकारीक प्रतिनिधि सुनिल जंग रायमाझीलाई बिपक्षी एसएचएल म्यानेजमेन्ट सर्भिस (केटिएम) प्रा.लि. कार्यालय तथा सो कम्पनीबाट सञ्चालित क्यासिनोमा पठाउदा त्यहाँ उपस्थित कर्मचारीहरुले कम्पनीको काम, कारवाही, गतिविधिको बारेमा जानकारी दिन ईन्कार गरि निवेदक कम्पनिबाट मनोनित गरीएका संचालकलाई संचालकका रुपमा स्विकार नै नगरेकाले मिति २०८१।०१।१७ र २०८१।०२।०१ मा गरी दुई पटक कम्पनी रजिष्ट्रार कार्यालयमा उजूरी निवेदन समेत गरिएको थियो । तर, कम्पनी रजिष्ट्रार कार्यालयबाट उक्त उजुरीको सम्वन्धमा कुनै कारवाही नगरेको र गर्ने चाँसो समेत नदेखाएको कारणले अन्य वैकल्पिक र प्रभावकारी उपचारको अभावमा कम्पनी ऐन, २०६३ को दफा १३९, १४० र १७८ बमोजिम प्रस्तुत उजुरी निवेदन गर्न आएको छु ।

५. अल्पमत शेयरधनिले पनि कम्पनीको नाफा- नोक्सान लगायतका बिषयमा जानकारी प्राप्त गर्ने अधिकार हुन्छ । यो कम्पनी शेयरधनि मात्र नभई संचालक समेत भएकाले कम्पनीको संचालकका हैसियतले निवेदकलाई कम्पनीको काम कारवाहि तथा निर्णय प्रकृयामा सहभागी हक हुन्छ । तर, विपक्षीले एकलौटी ढंगबाट कम्पनी सञ्चालन गरि, यस कम्पनीको लगानीमा खेलवाड गरी, कम्पनीको अल्पमत शेयरधनिलाई वेवास्ता गरी, शेयरधनिहरुको हित विरुद्धको काम कारवाही गरेकाले विपक्षीको त्यस्तो कानून विरुद्धको कार्यको उपचार खोज्नु यस कम्पनीको कानूनी हक हो ।

६. यो कम्पनी संचालनका लागी कम्पनी ऐन, २०६३ को दफा १४५ अनुसार मिति २०७५/२/१७ (३१ MAY २०१८) मा निवेदक कम्पनी र एस.एच.एल. म्यानेजमेन्ट सर्भिसेज (केटिम) प्रा.ली. बिच सर्वसम्मत SHAREHOLDERS AGREEMENT भएको थियो । सो संझौता मिति २०७५/२/२२ उद्योग विभागबाट प्रमाणित समेत भएको छ । उक्त संझौता को Article ४-मा "The Board of Directors of the company shall consist of three (3) Directors, one (1) Director appointed by and representing the buyer, and two (2) Directors appointed by and representing SHLIPL" भन्ने व्यवस्था गरिएको छ । यसबाट संमेत निवेदक कम्पनीको संचालक समितिमा वस्ने अधिकारलाई अन्यथा गर्न मिल्दैन ।

७. यसका अतिरिक्त उक्त शेयरहोल्डर सम्झौताको प्रारम्भिक अनुच्छेदमा पक्षकारहरुको उल्लेख गर्दा निवेदक कम्पनीलाई खरिदकर्ता(The Buyer) को रुपमा उल्लेख गरिएको छ । यसबाट निवेदक कम्पनी संचालकका रुपमा रहने कुरा वाध्यकारी छ । यो कुरालाई कम्पनी ऐन, २०६३ को दफा १४५ ले समेत स्विकृति प्रदान गर्दछ र सोहि ऐनको दफा १८७ ले यस्तो सझौता वाध्यात्मक भै अनिवार्य लागु हुने व्यवस्था गरेको छ । तसर्थ; यस

कम्पनीले मनोनयन गरेको संचालकलाइ कम्पनीको संचालक समितिमा राखी अभिलेख दुरुस्त गर्ने तथा संचालकका हैसियतले कम्पनिको काम कारवाहिमा सरिक हुने अधिकारबाट वन्चित गर्न मिल्दैन । अतः निवेदक कम्पनीले निर्णय गरी सञ्चालक समितिमा प्रतिनिधित्व गर्न तोकीएको व्यक्तीलाई संचालकका रुपमा अभिलिखित गरी बैठकमा बोलाउने कम्पनीले गर्ने गरेको निर्णयहरुमा सहभागी गराउंने, निर्णयहरुको जानकारी दिने लगायतका संचालकका र शेयरधनिका हैसियतले गर्न पाउने कार्यहरु गर्न नदिई वन्चितिकरण गर्ने कार्य कम्पनी ऐन, २०६३ को प्रतिकूल रहेका छन्।

८. कम्पनी ऐन २०६३ को दफा १४६ ले शेयरधनिलाई हिसाबकितावको निरिक्षण गर्ने अधिकार दिएको छ । निवेदक कम्पनीका प्रतिनिधि माथी प्रकरण नं. मा लेखिए अनुसार विपक्षीको कार्यालयमा जाँदा साधारण सभा र संचालक समितिको निर्णय पुस्तिका बार्षिक आर्थिक विवरण शेयर दर्ता किताव र लेखा लगायतका अभिलेख हेर्न खोज्दा त्यहाँ कार्यरत कर्मचारीहरुले संचालकहरु संग सोध्दा नदेखाउनु भनेकाले देखाउन मानीएन। कम्पनी ऐन, २०६३ को दफा १४६ को उपदफा २ ले त्यस्ता कागजात र अभिलेख शेयरधनि र निजका प्रतिनिधिले हेर्न निरिक्षण गर्न पाउने गरी प्रयाप्त व्यवस्था मिलाउने दायीत्व संचालकहरुलाइ सुम्पियको छ । तर, निवेदक कम्पनिलाई यसबाट वन्चित गरीएको छ । यो कम्पनी नेपाली लगानी र बैदेशिक लगानी दुवै भएको अवस्थामा विदेशी लगानी कर्ताले नेपाली लगानी कर्ताको अधिकारमा अघात पुर्याउने गरी एकलौटी कम्पनी संचालन गरेकाले यो बिषय थप गंभिर समेत वन्न गएको छ ।

९. कम्पनी ऐन २०६३ को दफा १३८ ले निवेदकले आफ्नो हकको संरक्षणको लागी सम्मानित अदालत समक्ष निवेदन दिन सक्ने व्यवस्था गरेको छ । निवेदक एक अल्पसख्यंक शेयरधनि भएको र विपक्षी कम्पनीका संचालकहरुले निवेदकलाई वाहेक गरी क्यासिनो सचालन गर्ने र माथी प्रकरण प्रकरणमा लेखिए अनुसार निवेदकलाई सोको लाभबाट वन्चित गर्ने अनाधिकार कार्य गरेका हुनाले सो कार्य समयमै नरोकिएमा विपक्षीहरुले त्यस्तो अनाधिकार कार्यलाई निरन्तरता दिई निवेदकलाई थप नोक्सान पार्ने अवस्था विध्यमान छ । कम्पनी ऐन, २०६३ को दफा १३९ ले बहुमतको निर्णयले शेयरधनिको हकहित विरुद्ध हुने भएमा त्यस्तो शेयर धनिले अदालतबाट उपचार माग गर्न सक्ने अधिकार प्रदान गरेको छ । यस सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट "कम्पनीको सञ्चालक समितिको वहुमतको निर्णयबाट हुन सक्ने सम्भावित अनुचित असरबाट अल्मतका शेयरधनि (Minority Shareholder) को हकहितको रक्षा गर्न पर्ने" भनि सिद्धान्त समेत प्रतिपादन भएको छ । (ने.का.प. २०७९, अंक ११, नि.नं. १०९७१)

१०. अतः माथि प्रकरण प्रकरणहरुमा उल्लेख गरे बमोजिम विपक्षीहरुले आश्रित परिवार तथा कर्मचारी समेतलाई अपूरणिय क्षति पुगेकाले विपक्षीहरुका अनाधिकार कार्य गरी निवेदक अल्पमत शेयरधनिको हक हितमा आघात पारेकोले यसबाट निवेदक नाउँमा निवेदक कम्पनीले मनोनयन गरेको संचालक सुनिल जंग रायमाझीलाई उक्त कम्पनीको संचालकका रुपमा अभिलिखित गरी कम्पनी ऐन, नियम, कम्पनीको प्रवन्धपत्र, नियमावली, शेयरधनिविच भएको सम्झौता बमोजिमका काम कारवाहीमा सरिक गराउनु, कम्पनीको लेखा लगायत अभिलेख हेर्न निरिक्षण गर्न दिनु भनि संचालकका हैसियतले गर्न पाउने कम्पनी ऐन, २०६३ को दफा १३८, १३९, १४० र १७८ समेत बमोजिम आवश्यक आदेश निर्देशन जारी गरि विपक्षीहरुबाट यस विचमा यदि कुनै निर्णय गरेको भए सो समेत बदर गरिपाउँ ।

११. साथै प्रस्तुत निवेदनको अन्तिम किनारा नभए सम्म र निवेदकलाई संचालकका रुपमा अभिलिखित गरी कम्पनीका काम कारवाहीमा संचालकका हैसियतले संलग्न नगराई निवेदकको पूर्व सहमति नलिई एकतर्फी ढंगले क्यासिनो संचालन गर्ने वा क्यासीनो तथा कम्पनीको शेयर वा अन्य संपत्तीको हक हस्तान्तरण गर्ने लागयतका काम कारवाही नगर्नु नगराउनु र यस विचमा कुनै निर्णय गरेको भए सो समेत यथास्थितिमा राख्नु भनी विपक्षीहरुको नाममा उच्च अदालत नियमावली, २०७३ को नियम ४२(१) तथा नियम ७२ बमोजिम अन्तरिम आदेश समेत जारी गरी पाउँ ।

१२. प्रस्तुत निवेदन दर्ता गर्न लाग्ने दस्तुर यसैसाथ संलगन छ ।

१३. प्रस्तुत मुद्दामा हाल कानून व्यवसायी नियुक्त गरेको छैन। पछि मेरो तर्फबाट नियुक्त हुने कानुन व्यवसायीहरुको बहस पैरवीलाई समेत यसैको अभिन्न अंग मानी पाउँ।

१४. संलग्न कागजातः

क) नागरिकताको प्रतिलिपी.......................................................१

ख) Property Lease Agreement को प्रतिलिपी.................................१

ग) Shareholders Agreement को प्रतिलिपी.....................................१

घ) कम्पनीको तर्फबाट अख्तियारी दिइएको निर्णयको प्रतिलिपी..........................१

ङ) कम्पनीको निर्णयहरुको प्रतिलिपी.................................................१

च) निवेदक कम्पनीको प्रमाणपत्र, शेयर लगत, प्रवन्धपत्र, नियमावली समेतको प्रतिलिपी......१

छ) एसएचएल म्यानेजमेन्ट सर्भिस (केटिएम) प्रा.लि. को प्रमाणपत्र, शेयर दर्ता किताव समेतको प्रतिलिपी.......................................................................१

ज) मिति २०८१/०१/०४ को बैठकबाट निर्णय गरी श्री सुनिल जंग रायमाझीलाई अख्तियारी दिई पठाईएको पत्रको प्रतिलिपी.......................................................१

झ) मिति२०८१/०१/०४ को बैठकबाट निर्णय गरी श्री सुनिल जंग रायमाझीलाई अख्तियारी दिई जानकारीको लागि श्री पर्यटन विभाग काठमाण्डौमा २०८१/०१/०७( दर्ता नं. ३८३६) पठाईएको पत्रको प्रतिलिपी............................................................१

ञ) मिति २०८१/०१/१७ मा (दर्ता नं. २१९९) कम्पनी रजिष्ट्रारको कार्यालयमा माइनोटरी शेयर सदस्यको रक्षा गरी उपयुक्त प्रतिनिधित्व गरी पाउँ भनी निवेदनको प्रतिलिपी..........१

ट) मिति २०८१/०१/२० मा (दर्ता नं.५१०१) उद्योग विभाग त्रिपुरेश्वरमा माइनोटरी शेयर सदस्यको रक्षागरी उपयुक्त प्रतिनिधित्व गरी पाउँ भनी निवेदनको प्रतिलिपी....................१

ठ) मिति २०८१/०१/२४ मा जिल्ला प्रशासन कार्यालय रुपन्देही, भैरहवामा सुरक्षा व्यवस्था मिलाई शान्ती सुरक्षा दिलाई एस.एच.एल. म्यानेजमेन्ट सर्भिसेज (केटिम) प्रा.ली.को सञ्चालक समितिको मिति २०८१/०१/२५ मा हुन लागेको बैठकमा उपस्थित हुन पाऊ भनी निवेदनको प्रतिलिपी............................................................................१

ड) मिति २०८१/०२/०१ मा कम्पनी ऐन, २०६३ को १३९,१४० र १८० बमोजिम गरिपाँउ भनी कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. ५१८७ बाट कम्पनीका प्रतिनिधि सुनिल जंग रायमाझीले निवेदन दर्ताको प्रतिलिपी..................................................१

ढ) एसएचएल म्यानेजमेन्ट सर्भिस (केटिएम) प्रा.लि. ले क्यासिनो सञ्चालन गर्न प्राप्त इजाजतको नविकरण गरिएको पत्रको प्रतिलिपी..................................................................१

१५. माथि लेखिएका व्यहोरा ठिक साँचो छ, झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

निवेदक

निज: सुनिल जंग रायमाझी

ईति सम्वत २०८१ साल जेष्ठ महिना २४ गते रोज ५ शुभम्.........................।